# तिला गाउँपालिकाको विनियोजन ऐन-२०७५



## विनियोजन ऐन, २०७५ (पहिलो सशोधन)

**प्रस्तावना :**

तिला गाउँपालिका आर्थिक वर्ष २०७५/०७६ को सेवा र कार्यहरुका लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिने र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा २२९ के उपधारा (२) बमोजिम तिला गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम विनियोजन ऐन, २०७५ (पहिलो संशोधन) रहने छ।

(२) यो ऐन तुरुन्त लागू हुने छ।

२. **आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** आर्थिक वर्ष २०७५/०७६ को निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्था गर्नको रकम समेत गरी जम्मा रकम रु. ३१४४२६५३४। अक्षरुपी एकतीस करोड चौवालिस लाख छब्बीस हजार पाँच सय चौतिस रुपैया मात्र नजढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्चे गर्न अधिकार दिएको रकम आथिक वर्ष २०७५।७६ को निमित्त तिला गाउँपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा कार्यहरुका निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने वा कुनैमा नपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा र कम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भूक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ।

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| | गाउँपालिका | वित्तिय समानिकरण अनुदान संघ | ५०८०००००। | ४०२००००० | | ९१०००००० |
| | गाउँपालिका | वित्तिय समानिकरण अनुदान प्रवेश | १२००००० | ३७८६०००। | | ४९८६००० |
| | गाउँपालिका | सशर्त अनुदान | १०७१००००० | ५५०००००। | | ११२६००००० |
| | गाउँपालिका | राजश्व बाँडफाँट संघ | ७९८०० | ५००४२०००। | | ५०८४०००० |
| | गाउँपालिका | राजश्व बाँडफाँट प्रवेश | | १८९०००। | | १८९००० |
| | गाउँपालिका | आन्तरिक श्रोत अल्या सहित | | ५३०११५३४ | | ५३०११५३४ |
| | गाउँपालिका | आन्तरिक राजश्व | ७०२००० | १०९८००० | | १८००००० |
| | जम्मा | | १६०६००००० | १५३८२६५३४ | | ३१४४२६५३४ |